# गुर्भाकोट नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
शुभाघाट,सुर्खेत
कर्णाली प्रदेश,नेपाल

## आवश्यकता

बिज्ञापन न ०१–२०७८/७९

दोश्रो पटक प्रकाशित मिति २०७८/०८/२गते ।

यस गुर्भाकोट नगरपालिकामा सि.एम.सि. नेपालको प्राविधिक सहयोग तथा स्विस दुतावासको आर्थिक सहयोगमा यस नगरपालिका मार्फत द्वन्द्व पीडितहरुलाई मनोसामाजिक सहयोग कार्यक्रम सञ्चालन गर्नका लागि तल उल्लेख गरे अनुसारको पदपुर्तिका लागि योग्यता पुगेका निवेदकहरुबाट निवेदन आह्वान गरीएको छ । तल उल्लेखित योग्यता पुगेका निबेदकहरुले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निबेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

### १. पदको नाम तथा सँख्या : मनोसामाजिक कार्यकर्ता – २ जना

**योग्यताः**

- तोकिएको योग्यता पुगेका द्वन्द पीडीत तथा तिनका परिवारका सदस्य (विशेष गरेर द्वन्दको गम्भिर असर परेकाहरु जस्तै परिवारका सदस्य, द्वन्दमा ज्यान गुमाएका वा वेपत्ता भएका तथा गम्भिर अङ्गभङ्ग भएकाहरुको परिवार) ।
- मान्यता प्राप्त विश्वविद्यालयवाट निम्न शैक्षिक योग्यता (राष्ट्रिय स्वास्थ्यतालिम केन्द्रले तोकेको योग्यता)
  - हेल्थ असिस्टेन्ट, नर्सिङ्ग (पि.सि.एल.वा व्याचलर), व्याचलर इन पब्लिक हेल्थ, बि.एड. हेल्थ एजुकेसन ।
  - व्याचलर इन साइकोलोजी, सोसिओलोजी, सोसल स्टडी, पी. जि. डी. इन काउन्सेलिङ्ग ।
  - सामाजिक परिचालक वा समुदायमा मनोसामाजिक सहयोगको काम गरेको अनुभव भएकालाई प्राथमिकता दिइने छ ।
- प्रभावित व्यक्तिहरुको लागि समुदायमा मनोसामाजीक सहयोगको काम गरेको अनुभव भएकोलाई विशेष ग्राहयता दिईनेछ ।
- महिलालाई ग्राहयता ।
- इमेल, इन्टरनेट, MS Word, MS Excel तथा Power Point मा जानकार तथा प्रयोग गर्ने सीप भएको ।

**काम गर्नु पर्ने क्षेत्र :** गुर्भाकोट नगरपालिका ।

**कार्य बिवरण :** सम्फौतामा उल्लेख भए अनुसार ।

**उमेरको हद :** दरखास्त बुझाउने अन्तिम मितिसम्म १८ बर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

**तलब सुबिधा :** गुर्भाकोट नगरपालिका र सि.एम.सि.नेपालको सम्फौतामा तोकीए अनुसार ।

**छनौटको तरिका :** लिखित तथा अन्तरवार्ता

**दरखास्त दस्तुर :** रु ५००।–

प्रमुख प्रशासकिय अधिकृत

**२. पदको नाम तथा सँख्या : द्वन्द्वप्रभावित स्वयंसेवक – १ जना**

**योग्यताः**

- तोकिएको योग्यता पुगेका द्वन्दप्रभावित समुहवाट नै छनौट गरिने छ ।
- शैक्षिक योग्यताः १० कक्षा उत्तीर्ण, द्वन्दप्रभावितहरुको समुहमा रहेर सक्रिय भई प्रभावीतहरुको सेवा तथा न्याय परिपूरणका प्रकृयामा सक्रिय भएकोलाई प्राथमिकता ।
- नगरपालिकामा रहेका द्वन्द प्रभावितहरुको वारेमा पर्याप्त जानकारी भएको हुनु पर्ने । मनोसामाजिक सहयोगको वारे जानकार भएकोलाई प्राथमिकता ।

**छनौटको तरिका : प्रारम्भिक छनोटमा परेको उम्मेदवारहरुको अन्तरवार्ता**

**सुविधाहरु :** सी.एम.सी. नेपाल र यस नगरपालिका बिच भएको सम्झौता अनुसार हुने छ ।

**दरखास्त दस्तुर : रु ३००।–**

माथि उल्लेखित योग्यता पुगेका व्यक्तिहरुले आफनो व्यक्तिगत बिवरण सहित यस नगरपालिकाको राजश्व शाखामा तोकीएको दस्तुर बुझाई तल दिएको ठेगानामा सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र दरखास्त दिन हुन यो सूचना आव्हान गरिन्छ ।

**दरखास्त पेश गर्नु पर्ने स्थान :**
गुर्भाकोट नगरपालिका
स्वास्थ्य शाखा
शुभाघाट, सुर्खेत

**नोटः छनौटको सम्पुर्ण अधिकार यस नगरपालिकाको पदपूर्ती समितीमा रहने छ र सो को निर्णय नै अन्तिम हुनेछ ।**

टेक बहादुर खत्री
प्रमुख प्रशासकिय अधिकृत